अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७५।०४।०६ गते

प्रेस विज्ञप्ति

विषय: आरोप-पत्र दायर गरिएको ।

जिल्ला विकास समितिको कार्यालय, बाराको सामाजिक परिचालक (करार) पदमा नियुक्ति भइ गाउँ विकास समितिको कार्यालय, बेनौली हाल पचरौता नगरपालिका ७.नं. वडा कार्यालयमा कार्यरत महेश राउत अहिरले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी राष्ट्रसेवक पदमा रहेर भ्रष्टाचार गरेकोले छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले विहार विद्यालय परीक्षा समिति, पटना, भारतबाट प्राप्त गरेको हाईस्कुल तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सामाजिक परिचालक(करार) पदमा नियुक्ति लिइ लाभ लिएको देखिन आएको हुँदा निजको उक्त कार्य सविक भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता